# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी ,झापा
प्रदेश नं.१, नेपाल

☎०२३४०११४४
०२३४०११५५
Website:www.kankaimun.gov.np
Email:kanakai.mun@mail.com


प.सं.२०७७/०७८
च.नं.

मिति:२०७७/०४/०२

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिका अन्तरगतका ९ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा निवेदन दिई सम्बत् २०७७ श्रावण मसान्त भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनुहुन सूचित गरिन्छ । बालबालिका वा आफैं उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ र राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको निर्देशन अनुसार ६० वर्ष भन्दा कम उमेर भएका विधवा र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको हकमा नयाँ दर्ताको लागि विभागबाट अर्को सूचना जारी नभए सम्म नयाँ दर्ता तथा नवीकरण नगर्न/नराउँनुहुन अनुरोध छ ।

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु:

- ✓ सबै लाभग्राहीको हकमा १ प्रति पासपोर्ट साइजको फोटो (बालबालिका बाहेक)
- ✓ नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- ✓ बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि
- ✓ ६० वर्ष भन्दा माथिको एकल महिलाको हकमा वडा मार्फत अविवाहित प्रमाणीकरणको सिफारिस पत्र र सम्बन्ध विच्छेद भएकाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि
- ✓ ६० वर्ष भन्दा माथि विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि
- ✓ पूर्ण अपाङ्गता भएको व्यक्तिको हकमा प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि
- ✓ सबै लाभग्राहीको हकमा बैंक चेकको प्रतिलिपि १ प्रति

साथै सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवदेनको ढाँचा यसै सूचना साथ संलग्न छ ।

नोटः माथि उल्लेखित विवरण सहित लाभग्राहीले दिएको विवरण सम्बन्धित वडा सचिवले प्रमाणित गरी सुरक्षित गर्नुहुन समेत अनुरोध छ ।

रुद्रप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

रुद्रप्रसाद नेउपाने
प्रमुख प्रशासकीय अधिकृत